# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसुचि-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ. ब. २०८०/८१ को तेस्रो त्रैमासिक अवधिको प्रतिवेदन (२०८० माघ, फाल्गुण र चैत्र)

(मिति २०८१/०१/२१ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित)

## १. वित्तीय विवरण :

क. कम्पनीको आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्बन्धि हिसाब विवरण धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को प्रावधान वमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

ख. प्रमूख वित्तीय अनुपातहरुः

१. प्रति शेयर आम्दानी : रु. १०.५०
२. पी. ई. अनुपात : १४१.७४
३. प्रति शेयर नेटवर्थ : रु. ११९.७७
४. तरलता अनुपात : ५.७४

प्रति शेयर आम्दानी annualized गरिएको ।

## २. व्यवस्थापकीय विश्लेषण तथा थप कार्ययोजनाहरु :

क. यस कम्पनिले नयाँ परियोजनाका रुपमा Zero Liquid Discharge, Plant Automation का साथै Malt Distillation Unit स्थापनाका लागि चाहिने सम्पूर्ण मेशिनहरुको खरिद प्रकृया अघि बढाइसकेको छ । साथै मेशिनरी वाहेक चाहिने भौतिक संरचनाहरुको निर्माण कार्य पनि द्रुत गतिमा अगाडि बढिरहेको छ । Zero Liquid Discharge संचालनमा आएपछि कम्पनीबाट निस्कने Grain Sludge Dry Cakes को रुपमा परिणत भई हुने र यसको बिक्रीबाट कम्पनीको आयमा वृद्धि हुनुका साथै उद्योगको वातावरणीय सूचकमा (Index) समेत अझ सुधार हुनेछ भने Plant Automation योजनाल अहिले उत्पादन भईरहेको ENA को उत्पादन लागत न्यूनिकरण गरी उत्पादकत्व बृद्धि गर्न र Consistent Quality को स्प्रिट उत्पादन गर्न सहयोग पुग्ने छ । यसै गरी Malt Distillation Unit स्थापना पश्चात् Malt Spirit को आयातलाई स्वदेशकै उत्पादनले प्रतिस्थापन गर्न सहयोग पुग्ने अपेक्षा गरेका छौं ।

ख. कम्पनीले यसै वर्षबाट बजारमा ल्याएको White liquor segment को Silver Oak नामक व्राण्ड प्रति उपभोक्ताहरुको प्रारम्भीक प्रतिकृया सकरात्मक रहेको पाएका छौं । यसले कम्पनीको आयमा वृद्धि गर्न सहयोग पुऱ्याउनुका साथसाथै उपभोक्ताहरुमाझ विविधता प्रदान गर्नेछ भन्ने समेत आशा लिएका छौं ।

ग. संचालक समितिबाट स्विकृत भए अनुसार उद्योगले आफ्नो वार्षिक उत्पादन क्षमता तथा पूजीं वृद्धिका लागि स्वीकृती प्राप्त गरेको छ । यस सम्बन्धमा कानून बमोजिमका थप प्रकृयाहरु अघि वढाई रहेका छौं ।

घ. उपभोक्ताको ऋय शक्तिमा आएको ह्रास, उत्पादन लागतमा हुन पुगेको बृद्धि, माग तथा खपतमा गिरावटका साथै मदिरा बजारमा बढेको प्रतिस्पर्धा लगायतका कारणहरुले समग्र व्यापार व्यवसायमा संकुचन आउँदा मदिराको व्यपार व्यवसायमा पनि केही संकुचन देखा परेको कारणबाट यस कम्पनिको व्यवसायमा पनि ह्रास आएको छ । गत वर्षको यसै अवधिको तुलनामा यस वर्षको बिक्रि घट्न जाँदा खुद नाफा पनि गत वर्षको भन्दा ६४ प्रतिशतले घट्न गएको छ ।

## ३. कानूनी कारवाही सम्बन्धी विवरण :

क. यस कम्पनीलाई विपक्षी बनाई श्रम अदालत काठमाडौंमा केहि व्यक्तिले नियुक्ती पाऊँ भनी कीर्ते जालसाजी कागज बनाई मुद्दा दायर गरेकोमा सो विषयमा सम्मानित जिल्ला अदालत पर्साबाट आंसीक वादी दावी पुग्ने ठहराई फैसला भएकोमा सो फैसला उपर कम्पनीले उच्च अदालत, जनकपुरको अस्थायी ईजलास बिरगन्जमा पुनरावेदन गरेकोमा सम्मानित उच्च अदालत, जनकपुर अस्थायी ईजलासबाट समेत जिल्ला अदालतले गरेको फैसलालाई नै सदर हुने गरी निर्णय आए उपर चित्त नबुझि कम्पनीले सम्मानित सर्बोच्च अदालतमा उत्प्रेषण लगायतको आदेश जारी गरी पाउन रिट मार्फत् निवेदन गरेकोमा श्रम अदालतको फैसलालाई कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी भई हाल उक्त मुद्दा सम्मानित सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा रहेको छ ।

ख. आर्थिक ऐन २०७७ ले अन्तः शुल्क ऐन, २०५८ को दफा ४(ङ) मा कायम गरिएको संशोधित दफा "मदिरा, बियर वा सूर्तिजन्य पदार्थ सम्बन्धी उद्योग र त्यस्तो वस्तुको पैठारीकर्ता तथा तिनका बिक्रेताले कुनै पनि प्रकारको उपहार कार्यक्रम सञ्चालन गर्न वा त्यस्ता उद्योगले ..........त्यस्तो उत्पादन बिक्री गर्दा छुट दिन पाइने छैन" भन्ने व्यवस्था उपर यस कम्पनीले मुल्य अभिवृद्धि कर विजकमा छुट दिन पाउने कि नपाउने ? भनी आन्तरिक राजश्व विभागका महानिर्देशक समक्ष पूर्वादेश माग गरेकोमा अन्तः शुल्क ऐनको उल्लेखित संसोधित व्यवस्थामा निहित भएर मात्र पूर्वादेश प्राप्त भएकोले सो पूर्वादेश उपर चित्त नवुझि श्री राजश्व न्यायधिकरण, काठमाडौंमा पुनरावेदन गरिएको । सो पुनरावेदनमा त्यहाँबाट यस उद्योगले माग गरेको मुल्य अभिवृद्धि कर ऐन तथा नियमावलीको व्यवस्था अनुसार छुट पाउने नपाउने सम्बन्धमा केहि नवोली भएको निर्णय त्रृटिपुर्ण देखिँदा वदर गरी निवेदकको पूर्वादेश माग गरेका सबै विषयमा जे जो गर्नु पर्ने गरी पूर्वादेश सम्बन्धि निर्णय गर्नु भनी आन्तरिक राजश्व विभागमा नै फाईल फिर्ता गरेको विषयमा समेत हाल सम्म कुनै निर्णय प्राप्त नभएको जानकारी गराउँदछौं ।

ग. आ.व.२०६१/०६२ को अवधिको मु.अ.कर, अन्तः शुल्क र आयकर सम्वन्धमा सम्मानित सर्वोच्च अदालतबाट फैसलाको लिखित प्रति प्राप्त भएको छ । अन्तः शुल्क सम्बन्धमा यस कम्पनीको माग बमोजिम नै फैसला प्राप्त भएकोले कम्पनीले दाखेला गरेको अन्तः शुल्क, जरिवाना आदि रकम मिलानका लागि सम्वन्धित कार्यलयमा निवेदन समेत दर्ता गराई सकिएको छ । अन्य मु.अ.कर र आयकरको हकमा केहि विषयमा कम्पनीको माग बमोजिम र केही विषयमा विरुद्धमा फैसला प्राप्त भएकाले माग विरुद्धका विषयका उपर न्यायिक पुनरावलोकनका लागि अनुमति प्राप्त गरी निवेदन दर्ता गरिएको छ ।

घ. २०६८ श्रावण को मु.अ.कर सम्बन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२/०७३ को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्बन्धी विषयमा चित्त नबुझि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएको छ । प्रस्तुत विषयमा हाल सम्म निर्णय भएको जानकारी प्राप्त नभएको ।

ङ. कम्पनीको आ.व.२०७४/०७५ को आय विवरण उपर आयकर ऐन, २०५८ को दफा १०२ वमोजिम कर निर्धारण गरी संसोधित कर निर्धारण आदेशहरु प्राप्त भएकोमा सो निर्धारण आदेशवाट लगाएको सोही ऐनको दफा ११७ वमोजिमको शुल्क, दफा ११८ वमोजिमको व्याज र दफा १२० वमोजिमको शुल्क उपर चित्त नवुझि आयकर ऐन,२०५८ को दफा ११५ वमोजिम प्रशासकीय पुनरावलोकन गरेकोमा सो समेत हाल सम्म निर्णय भएको अवस्था छैन ।

च. कम्पनी व्यवस्थापनले अनुसाशन सम्बन्धि कारवाहि गरी मिति २०७४/०१/२० देखि लागु हुने गरी सेवावाट हटाईएका ६ जना पूर्व श्रमिक मध्ये ४ जनाले श्रम तथा रोजगार कार्यलय, विरगन्ज पर्सामा निवेदन दिएकोमा श्रम तथा रोजगारदाता कार्यालय, विरगन्ज पर्साले निवेदकहरुको माग वमोजिम कम्पनीबाट पारिश्रमिक, वोनस, विमा, विदाको रकम र अन्य हरहिसावहरु भुक्तानी गर्न बाँकी नदेखिएको साथै उपदानको हकमा साविक श्रम नियमावली, २०५० को नियम २३ को उपनियम (३) (१) मा जे सुकै लेखिएको भए पनि कुनै कामदार वा कर्मचारीलाई ऐनको दफा ५४ को उपदफा (४) वा दफा ५४ वमोजिम कारवाहि गरी सेवावाट हटाईएमा त्यस्तो कामदार वा कर्मचारीले त्यस नियम वमोजिम उपदान पाउने छैन भनी लेखि दिएकोमा निवेदकहरुले उपदान पाउनु पर्ने अवस्था नरहेको देखिन्छ भनी मिति २०८०/०१/१० मा निर्णय भएकोमा सो निर्णयका विरुद्धमा श्रम अदालतमा पुनरावेदन परेको र कम्पनीले पुनरावेदकको पुनरावेदन उपर लिखित प्रतिवाद गरी सकेकोमा श्रम अदालतले मेलमिलापमा पठाएकोमा मेलमिलापबाट विवाद समाधान हुन नसकेकोले विवाद श्रम अदालतमा नै विचाराधिन रहेको छ ।

छ. सर्लाही जिल्ला अर्नाहा वडा नं.२ वस्ने सुभाष शाहले सूचनाको हक सम्बन्धि ऐन, २०६४ वमोजिम माग गरिएको सूचना उपलब्ध नगराई जिम्मेवारीवाट पन्छिन खोजेकोले कानुन वमोजिम कारवाहि गरी सूचना उपलब्ध गराई पाऊँ भनी पुनरावेदन दिएकोमा सो पुनरावेदन उपर यस कम्पनीले लिखित जवाफ राष्ट्रिय सूचना आयोगमा पेश गरी सकेको जानकारी गराउँदछौं ।

ज. यस उद्योगमा कार्यरत संचित राउत कुर्मिलाई मदिरा सेवन गरी कार्यस्थलमा उपस्थित भएको विषयमा नियमानुसार अनुशासन सम्बन्धि कारवाहि गरी सेवावाट हटाईएकोमा निजको पुनरावेदन सम्मानित श्रम अदालत, काठमाडौमा परेको विषयमा जानकारी प्राप्त भई निजलाई सेवाबाट हटाउने गरी भएको निर्णय र शुरु नियुक्ती देखि हाल सम्मको सक्कल मिसिल एवं कर्मचारी विनियमावली समेत माग भई आएको पत्र प्राप्त भएको छ ।

झ. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्धा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

## ४. यस संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :

क. खुला बजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोवार हुने गरेको छ ।

ख. यस प्रथम त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोवार तपशिल अनुसार भएको देखिन्छ ।

(श्रोतः www.nepalstock.com.np)

| | |
|---|---|
| अधिकतम् मूल्य | रु. १८१९.०० |
| न्यूनतम् मूल्य | रु. १४४१.०० |
| कारोबार दिन | ५८ |

## ५. समस्या तथा चुनौति :

यस अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. विश्व बजारमा देखिएको आर्थिक मन्दी एवं व्यवसायमा देखा परेको सिथिलताले नेपाललाई पनि प्रभाव पारेको छ । देशमा आर्थिक गतिविधिलाई चलायमान गराउने क्रियाकलापहरु प्राय गरेर ठप्प नै छन् । उद्योग व्यवसायहरुले उत्पादन गर्ने वस्तुहरुको मागका साथै खपतमा पनि गिरावट आउँदा मदिरा व्यवसाय पनि त्यसबाट अछुतो रहन सकेको छैन । समग्र उद्योग व्यवसायहरुको आर्थिक कृयाकलापमा कमि आइरहेको यस विषम परिस्थितीमा ईन्धन, ढुवानी लगायत अन्य कच्चा पदार्थहरुको उच्च मूल्य वृद्धिका कारण उत्पादन लागतमा वृद्धि हुन जाँदा व्यवसाय गर्न कठिनाई हुन गएको छ ।

ख. समग्र व्यवसायमा नै आर्थिक सिथिलताको प्रभाव पर्न गएको हुनाले चालु पूँजी लगानी गर्न सुरक्षित अवस्था नरहेको, बजारमा उच्च प्रतिस्पर्धाको अवस्था रहेको एवं उपभोक्ताको ऋय शक्तीमा पनि ह्रास हुन गएको जस्ता कारणहरुबाट उद्योग व्यवसायको कारोवारमा नै कमि आएको छ ।

ग. यस कम्पनीले उत्पादन तथा बिक्री वितरण गरी रहेका न्यमिभल इबप र द्यबिअप इबप नामक मदिराको बिक्री वितरणलाई प्रभाव पार्न र उपभोक्तालाई भ्रम र झुक्यानमा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि केहि उद्योगहरुले यस कम्पनीको जस्तै लेवल, प्लाष्टिकको वोतल प्रयोग गरी कम शक्ति र कम गुणस्तरमा मदिरा उत्पादन तथा बिक्री वितरण गरी रहेकाले कम्पनीका उत्पादनहरुको बिक्री वितरणमा प्रभाव पर्न गएको छ ।

घ. मदिरा जन्य वस्तुहरुको कुनै पनि माध्यमद्धारा विज्ञापन गर्न नपाउने गरी सम्मानित सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएबाट उपभोक्तामाझ आफ्ना विभिन्न ब्राण्ड सम्बन्धि जानकारी पुऱ्याउन कठिनाई हुन पुगेको महशुस कम्पनीले गरेको छ । यसबाट उपभोक्ताहरु माझ Brand Awareness कम हुँदै जाने र कालान्तरमा विक्रीमा समेत प्रत्यक्षरुपमा प्रभाव पर्न सक्ने जोखिम रहेको छ ।

## ६. संस्थागत सुशासन :

अघिल्ला त्रैमासिक अवधिमा जस्तै कम्पनीले स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्त गरी लेखा परीक्षण गर्ने कार्यलाई निरन्तरता दिएको, कारखानामा उत्पादन हुने बस्तुहरु अन्तः शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्तः शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, आन्तरिक रुपमा उद्योगको उत्पादन, बिक्री विरतणको परिमाण, मौज्दात सामानहरु लगायत कच्चा पदार्थहरुको निरिक्षण एवं विश्लेषण गर्ने गरिएको, कम्पनीको आर्थिक कारोबारलाई व्यवस्थित, मर्यादित र पारदर्शि बनाउने कार्यमा अनलाईन बिलिङ्ग पद्धती, खरिद गरिने वस्तुहरुको कोटेशन माग गर्ने, मुल्य र सामानको गुणस्तर आदिको अध्ययन, अनुशन्धान, परीक्षण गरेर मात्र खरिद गर्ने, उद्योग रहेको क्षेत्र, स्थानीय निकायहरु सँगको सम्बन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य र संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धि कार्यलाई निरन्तरता दिएको, उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गर्ने गरिएको साथै सके सम्म गुणास्तरलाई ध्यानमा राखी खरिद गर्ने वस्तुको मूल्यलाई व्यवस्थित गर्दै आएका छौं । उद्योगले संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धमा निर्वाह गर्नु पर्ने कर्तव्यलाई ध्यानमा राखी आवश्यक एवं गर्नु पर्ने कामको पहिचान गरी स्थानीय निकायको समन्वयमा विभिन्न शिर्षक अन्तर्गत छुट्याईएको रकमबाट ऐन, नियमले निर्देशन गरेका शिर्षकमा अधिकतम् कार्य गरी जिम्मेवारी वहन गर्ने कोसिस समेत गरी रहेका छौं ।

## ७. सत्य तथ्य सम्बन्धमा प्रमूख कार्यकारी अधिकृतको उद्घोषण:

यस प्रतिवेदन अवधिको उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहन्छु । मैले जाने बुझे सम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि सम्पूर्ण आर्थिक विवरण तथा जानकारीहरु पारदर्शी हुने गरी यस प्रतिवेदनमा प्रकाशन गरिएको यहाँहरु समक्ष जानकारी गराउँदछु ।

## Unaudited Statement of Financial Position for the Quarter Ended on 30th Chaitra 2080

| Particulars | This Quarter End (Rs.) | Previous Quarter End (Rs.) | Corresponding Previous Year Quarter End (Rs.) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **NON-CURRENT ASSETS** | | | |
| a) Property, plant and equipment | 445,153,301 | 451,860,907 | 464,393,767 |
| b) Capital work-in-progress | 112,008,600 | 2,251,169 | - |
| c) Intangible assets | 825,200 | 884,664 | 733,296 |
| d) Right to use assets | 14,329,152 | 13,573,408 | 8,839,112 |
| e) Investments | 101,100,000 | 101,100,000 | 101,100,000 |
| f) Other non-current assets | 116,637,225 | 156,706,307 | 37,548,142 |
| **Total Non-Current Assets** | **790,053,478** | **726,376,455** | **612,614,317** |
| **CURRENT ASSETS** | | | |
| a) Inventories | 506,656,282 | 372,168,751 | 376,505,316 |
| b) Financial assets | | | |
| Trade receivables | 842,682,897 | 1,012,136,062 | 2,636,332,473 |
| Cash and cash equivalents | 548,898,335 | 881,841,465 | 228,974,840 |
| Other bank balances | 900,000,000 | 875,000,000 | 50,000,000 |
| c) Other current assets | 172,927,299 | 140,133,410 | 148,359,437 |
| **Total current assets** | **2,971,164,812** | **3,281,279,687** | **3,440,172,066** |
| **TOTAL ASSETS** | **3,761,218,290** | **4,007,656,142** | **4,052,786,383** |
| **EQUITY AND LIABILITIES** | | | |
| **EQUITY** | | | |
| a) Equity | | | |
| Share capital | 2,672,523,315 | 2,672,523,315 | 2,429,566,650 |
| b) Other equity | | | |
| Reserves and surplus | 528,261,587 | 481,501,148 | 839,883,980 |
| **Total Equity** | **3,200,784,902** | **3,154,024,463** | **3,269,450,630** |
| **NON-CURRENT LIABILITIES** | | | |
| a) Financial liabilities | | | |
| Borrowings | - | - | - |
| Lease Payables | 13,788,887 | 13,070,792 | 6,424,036 |
| b) Deferred tax liabilities | 29,040,443 | 28,810,087 | 28,276,104 |
| **Total Non-Current Liabilities** | **42,829,330** | **41,880,879** | **34,700,140** |
| **CURRENT LIABILITIES** | | | |
| a) Financial Liabilities | | | |
| Borrowings | - | - | - |
| Trade payables | 214,291,328 | 120,666,421 | 255,146,821 |
| Other financial liabilities | 216,543,111 | 486,813,331 | 201,341,995 |
| Lease Payables | 1,429,135 | 1,220,441 | 3,558,880 |
| b) Other current liabilities | 85,340,484 | 203,050,607 | 285,015,576 |
| c) Current tax liabilities (net) | - | - | 3,572,341 |
| **Total Current Liabilities** | **517,604,058** | **811,750,800** | **748,635,613** |
| **TOTAL EQUITY AND LIABILITIES** | **3,761,218,290** | **4,007,656,142** | **4,052,786,383** |

## Unaudited Statement of Profit or Loss and Other Comprehensive Income for the Quarter Ended on 30th Chaitra 2080

| Particulars | Upto This Quarter (Rs.) | Upto Previous Quarter (Rs.) | Upto Corresponding Previous Year Quarter (Rs.) |
|---|---|---|---|
| Gross revenue from operations | 2,744,113,235 | 1,898,816,299 | 4,539,604,688 |
| Less: excise duties | 1,338,670,183 | 942,871,197 | 2,139,476,815 |
| Net sales revenue | 1,405,443,052 | 955,945,102 | 2,400,127,873 |
| Less: cost of goods sold | 504,213,559 | 347,415,959 | 817,645,055 |
| Less: manufacturing expenses | 86,441,952 | 55,062,799 | 131,986,517 |
| **Gross profit** | **814,787,542** | **553,466,345** | **1,450,496,300** |
| Other operating income | 37,070,598 | 17,140,375 | 8,138,042 |
| **Total income from operations** | **851,858,139** | **570,606,720** | **1,458,634,343** |
| Employee benefit expenses | 130,211,245 | 91,550,661 | 184,864,149 |
| Administration and other expenses | 50,168,387 | 33,243,842 | 53,802,486 |
| Selling and distribution expenses | 347,844,635 | 198,229,631 | 397,411,259 |
| **Operating profit** | **323,633,873** | **247,582,586** | **822,556,449** |
| Depreciation and amortisation | 38,265,017 | 25,246,534 | 40,937,213 |
| Finance costs | 1,076,502 | 707,439 | 2,445,883 |
| **Profit before tax** | **284,292,354** | **221,628,613** | **779,173,354** |
| Income tax expenses | 73,876,264 | 57,972,963 | 202,484,629 |
| **Profit for the year** | **210,416,090** | **163,655,651** | **576,688,725** |
| **Other comprehensive income** | | | |
| **Items that will not be reclassified to profit or loss:** | | | |
| (i) Remeasurements of Defined Benefit Obligations | - | - | - |
| (ii) Income tax credit/(charge) relating to these items | - | - | - |
| **Other comprehensive income** | - | - | - |
| **Total comprehensive income for the year** | **210,416,090** | **163,655,651** | **576,688,725** |
| **Earning per equity share (face value of Rs. 100 each)** | | | |
| Basic EPS* | 10.50 | 12.25 | 28.77 |
| Diluted EPS* | 10.50 | 12.25 | 28.77 |

## Other Financial Ratios

| | | | |
|---|---|---|---|
| PE Ratio | 141.74 | 139.79 | 69.86 |
| Net Worth Per Share | 119.77 | 118.02 | 134.57 |
| Liquidity Ratio | 5.74 | 4.04 | 4.60 |

**Notes:**

- Account heads have been re-grouped/re-classified wherever necessary so as to comply with the Nepal Financial Reporting Standards (NFRS)
- EPS has been annualized wherever necessary
- Corresponding Previous Year's Basic & Diluted EPS has been restated to reflect the effect of issuance of Bonus Shares

**हिमालयन डिष्टिलरी लिमिटेड**, विरगञ्ज महानगरपालिका वडा नं. – २१, लिपनि विर्ता, पर्सा, नेपाल